

# किन्डरगार्टेनका धेरैजसो सोधिने प्रश्नहरू

## विद्यालयका लागि तैयार हुने र अगाडि बढ्ने !

**म मेरो बच्चा किन्डरगार्टेनका लागि तयार छन्/छिन् भनेर कसरी थाहा पाउन सक्छु ?**

यदि तपाईंको बच्चाले प्रि-स्कुलमा पढेका थिए/थिइन् भने उनको शिक्षकसँग कुरा गर्नुहोस् ।

**मेरो बच्चाले किन्डरगार्टेनमा प्रवेश गर्दा मेरो बच्चाले के-के कुराहरू जानेको हुनुपर्ने आशा गरिन्छ र मेरो बच्चाले के-के गर्न सक्ने हुनुपर्छ ?**

Westerville City Schools (वेस्टरभिल सिटी स्कुल्स) ले तपाईंलाई आफ्नो बच्चाको विद्यालय शुरू गर्ने पूर्व तयारीमा मद्दत गर्नका लागि अपनाउन सकिने विभिन्न उपायहरूको सूची तयार गरेको छ (वेबसाइट हेर्नुहोस्) । Ohio Department of Education (ओहियो शिक्षा विभाग) का श्रोतहरू https://education.ohio.gov/Parents मा पनि रहेका छन् ।

**यदि मेरो बच्चा कट-अफभन्दा सानो उमेरको भएमा के उनलाई भर्ना गर्नका लागि परीक्षण गराउन सक्छु ?**

सामान्यतया आगामी शैक्षिक वर्षका लागि किन्डरगार्टेनमा भर्ना हुनको निम्ति बच्चा सेप्टेम्बर 30 भन्दा अगाडि पाँच वर्ष उमेर पुगेको हुनुपर्छ । यद्यपि अक्टोबर 1 देखि डिसेम्बर 31 बीचमा पाँच वर्ष उमेर पुग्ने बच्चाहरूले Ohio Department of Education का मार्गदर्शनहरू अनुसार डिस्ट्रिक्टद्वारा निर्धारित मापदण्डहरूलाई पूरा गरेमा कम उमेरको भर्नाका लागि विचार गर्न सकिन्छ । त्यस्ता अवस्थाहरूमा, किन्डरगार्टेनमा सन्तोषजनक कार्य गर्नका लागि बच्चाको परिपक्वता मापन गर्नका लागि बच्चाको मूल्याङ्कन गरिन्छ । शैक्षिक, सामाजिक तथा भावनात्मक रूपमा विद्यालयका लागि तैयार छन् भनेर Westerville City Schools को Gifted Education Department (प्रतिभाशाली शिक्षा विभाग) द्वारा सिफारिस गरिएमा त्यस्ता बच्चाहरूलाई किन्डरगार्टेनमा चाँडो भर्ना गर्न सकिन्छ ।

**के मैले मेरो बच्चालाई उनी छ वर्ष उमेरको हुँदासम्म किन्डरगार्टेनमा भर्ना गर्नका लागि पर्खन सक्छु ?**

सक्नुहुन्छ, सरकारी कानूनले 6 देखि 18 वर्ष उमेर बीचका बच्चाहरूको विद्यालयमा भर्नालाई अनिवार्य बनाएको छ ।

**मेरो बच्चासँग विद्यालय वातावरण बारेमा थोरै वा कुनै अनुभव छैन । के मैले उनलाई विद्यालयको निम्ति तयार गर्न मद्दत गर्नका लागि केही उपाय छ ?**

छ, Westerville City Schools ले तपाईंको बच्चालाई अर्को वर्षका लागि शुरूवाती बढत प्राप्त गर्न मद्दत गर्नका लागि Kindergarten Readiness Camp (किन्डरगार्टेन तैयारी शिविर) प्रस्ताव गर्छ । उक्त शिविर गर्मी बिदाको समयमा सञ्चालित हुन्छ । यससम्बन्धी खास जानकारी अनलाइनमा वा प्राथमिक विद्यालयहरूमा उपलब्ध हुनेछन् ।

## दर्ता प्रक्रिया

**के किन्डरगार्टेन आवश्यक छ ?**

छ, ओहियो संशोधित संहिता 3321.01 ले बच्चाले सफलतापूर्वक किन्डरगार्टेनलाई पूरा गर्नुपर्छ भनेर स्पष्ट तोकेको छ । भर्ना हुने वर्षको सेप्टेम्बर 30 सम्म कम्तीमा पनि छ वर्ष उमेर हुने र जसले कक्षा एकका लागि आवश्यक पर्ने सामाजिक, भावनात्मक तथा संज्ञानात्मक सीपहरू रहेको भनि समितिलाई सन्तुष्ट पार्ने बच्चालाई यस किन्डरगार्टेन आवश्यकतामा छुट दिन सकिन्छ ।

**मैले यस प्रक्रियालाई कसरी शुरू गर्न सक्छु ?**

आमाबुबाका आवश्यकताहरू पूरा गर्न र उहाँहरूको यस अनुभवलाई व्यक्तिगत रूपमा सम्बोधन वा समाधान गर्ने उद्देश्य राखी हाम्रो यो दर्ता प्रक्रिया तयार गरिएको हो । कृपया किन्डरगार्टेन दर्तासम्बन्धी कुनै प्रश्नहरू भएमा Enrollment and Family Resource Center (नाम दर्ता तथा परिवार श्रोत केन्द्र) लाई 797-7700 मा फोन गर्नुहोस् ।

*चरण 1 – अनलाइनमा पूर्व-दर्ता*

- www.wcsoh.org मा, हरियो भर्ना बक्स
- अनलाइन नाम दर्ता आवेदन पूरा भरे पश्चात व्यक्तिगत दर्ता एपोइन्टमेन्टका लागि आफ्नो बच्चाको नाम दर्ता गर्न साइन अप गर्नुहोस् ।

*चरण 2 – व्यक्तिगत किन्डरगार्टेन दर्ता एपोइन्टमेन्टहरू*

- कृपया आफ्नो एपोइन्टमेन्टमा समयमै उपस्थित हुनुहोस् र सबै आवश्यक कागजपत्रहरूलाई 300 Polaris Parkway, Suite 3200 [OhioHealth Medical Building (ओहियोहेल्थ मेडिकल बिल्डिङ) भित्र] मा अवस्थित Enrollment & Family Resources Center मा साथमा ल्याउनुहोस् ।

तपाईंको विद्यालयले अभिभावक अभिमुखीकरण बैठक (Parent Orientation Meeting ) का लागि मिति तय गर्नेछ र यसलाई पत्रमा उल्लेख गरेर तपाईंको घरमा अगस्तको पहिलो हप्तामा पठाइनेछ । यसले तपाईंको बच्चा बिहान वा दिउँसोको सत्रमा पढ्न जानेछन्/छिन् भनेर तपाईंको बच्चाको हल्का शुरूवात (Gentle Start) मिति तथा समय र तपाईंको बच्चाको शिक्षकको नाम पनि सूचित गर्नेछ ।

**मैले किन्डरगार्टेन अवसर तथा क्रियाकलापहरू बारेमा थप जानकारी कहाँबाट प्राप्त गर्न सक्छु ?**

जानकारी भएका सामग्रीहरू Kindergarten 101 (किन्डरगार्टेन 101) का साथसाथै अनलाइन, प्राथमिक विद्यालयहरू, Early Learning Center (प्रारम्भिक सिकाइ केन्द्र) तथा Enrollment and Family Resource Center मा उपलब्ध हुनेछन् ।

**किन्डरगार्टेनमा प्रवेश गर्नका लागि कट-अफ जन्मदिन कुन हो ?**

चालू वर्षको सेप्टेम्बर 30 मा वा त्यसभन्दा अगाडि 5 वर्ष उमेर हुने बच्चाहरू किन्डरगार्टेनमा नाम दर्ता गर्नका लागि योग्य हुनेछन् ।

**Westerville City Schools मा कसले नाम दर्ता गर्न सक्छ ?**

तपाईंको बच्चा Westerville City Schools मा भर्ना हुनको निम्ति तपाईं यस स्कुल डिस्ट्रिक्टको निवासी हुनुपर्छ ।

**मैले मेरो बच्चाका लागि नि:शुल्क रोग प्रतिरोधात्मक खोपहरू कहाँ पाउन सक्छु ?**

अनलाइन तथा प्राथमिक विद्यालयहरूमा रोग प्रतिरोधात्मक खोपहरू बारेको फ्लायर हेर्नुहोस् ।

**के मलाई मेरो बच्चा कुन विद्यालयमा जाओस् भनेर मैले चाहेको विद्यालय चुन्न अनुमति छ ?**

छैन, सिटी स्कुल डिस्ट्रिक्ट भित्रमा स्कुल डिस्ट्रिक्ट सिमानाहरूलाई सुपरिटेन्डेन्ट (Superintendent) द्वारा तय गरिनेछ । यसरी यी सिमानाहरू तय गरिँदा विद्यालयहरूको क्षमता, कक्षाहरूको आकार, दुरी, नक्सांकन, यातायात तथा अन्य प्रासंगिक पक्षहरूमा उचित ध्यान दिइनेछ । विद्यार्थीहरू खुला भर्नाका लागि अनुरोध नगरे तथा स्वीकृत नभएसम्म उनीहरू बसोबास गर्ने विद्यालय भर्ना क्षेत्रमा रहेको विद्यालयमा पढ्न जानेछन् ।

**के मैले किन्डरगार्टेनमा खुला भर्नाका लागि आवेदन दिन सक्छु ?**

सक्नुहुन्छ, Westerville City Schools Board of Education ले विद्यार्थीहरूलाई उनीहरूका लागि भौगोलिक रूपमा विनियोजन गरिएका विद्यालयहरूका अतिरिक्त अन्य विद्यालयहरूमा पनि पढ्न जान अवसर प्रदान गर्न चाहन्छ । त्यसैले, परिषदले सुपरिटेन्डेन्टद्वारा स्थापित गरिएका मापदण्ड तथा दिशानिर्देशनहरूको आधारमा विद्यार्थीहरूलाई आफूले चाहेको विद्यालयमा भर्नाका लागि आवेदन दिनका लागि अनुमति दिनेछ ।

**मेरो बच्चा कुन विद्यालयमा पढ्न जानेछन्/छिन् ?**

तपाईंको बच्चा कुन विद्यालयमा पढ्न जानेछन्/छिन् भनेर निर्धारण गर्नका लागि सबैभन्दा उत्तम तरिका भनेको यात Enrollment and Family Resource Center लाई 797-7700 मा वा Office of Transportation लाई 797-5950 मा सम्पर्क गर्नुहोस् ।

**नि:शुल्क तथा मूल्य घटाइएको दिवाभोजन तथा नास्ता कार्यक्रमका लागि म योग्य भएको भनेर मैले कसरी थाहा पाउन सक्छु ?**

तपाईंले www.lunchapplication.com मा अनलाइनमा आवेदनलाई भरेर वा जुलाई 1 पश्चात विद्यालय कार्यालयहरूमा उपलब्ध हुने कागजी आवेदनलाई भरेर आवेदन दिन सक्नुहुन्छ ।

**यदि मेरो बच्चालाई विशेष सुविधाहरू (वाक तथा श्रवण, सिकाइ असमर्थता इत्यादि) आवश्यक परेमा के गर्ने ?**

यदि तपाईंलाई आफ्नो बच्चामा अपाङ्गता भएको थाहा छ वा शङ्का छ भने Westerville City Schools को Special Education Office (विशेष शिक्षा कार्यलय) लाई 614-797-5900 मा सम्पर्क गर्नुहोस् ।

**मैले मेरो बच्चा प्रतिभाशाली/मेधावी छन्/छिन् भनेर कसरी निर्धारण गर्न सक्छु ?**

शारीरिक विकास एकदमै समान हुने भएतापनि शिशु विद्यालयका प्रतिभाशाली विद्यार्थीहरू सोच्ने तथा महसुस गर्ने तरिकामा आफ्नो उमेरका अन्य बच्चाहरूभन्दा भिन्न हुन्छन् । यस्तो प्रतिभालाई प्रोत्साहित गर्दा यसले सानो बच्चामा आत्मविश्वास, आत्मसम्मान तथा सिकाइ प्रतिको उत्साहलाई बढाउँछ । National Association of Gifted Children (प्रतिभाशाली बच्चाहरूको राष्ट्रिय संघ) (www.nac.org) द्वारा यस्ता आठ क्षेत्रहरूलाई वर्णन गरेको छ जसमा प्रतिभाशाली बच्चाले विशिष्टता प्रदर्शन गर्न सक्छन्/छिन् । ती आठ क्षेत्रहरूमा निम्न पर्दछन्: उत्सुकता, स्मरण, सिकाइ, ध्यान, तर्क-वितर्क/समालोचनात्मक सोचाइ, शब्द भण्डार, विनोद-वृति तथा पठन वेग/सृजनात्मकता/दृष्टिकोण...

परिवार, शिक्षक तथा स्याहारकर्ताहरू निम्न बारेमा जानकार हुनुपर्छ :

- प्रबल व्यक्तित्व,
- धेरै स्तरहरूमा अतिसंवेदनशीलता (मानव जातिको कल्याण, वातावरण, जीवजन्तु तथा न्याय),
- पूर्णतावाद तथा सङ्गठनसम्बन्धी ज्यादतीका मुद्दाहरू, र
- बच्चाले कहिलेकाहीं अहितकर अवस्थाहरूमा सामान्य महसुस गर्नु आवश्यक छ ।

बच्चाहरूलाई आफ्नो रूचीहरूमा अगाडि बढ्न स्वीकृति दिइनुपर्छ, थप अवसरहरू प्रदान गरिनुपर्छ र उनीहरूले के गर्न सक्छन् भन्नेमा नभएर उनीहरू जेजस्ता छन्, त्यसैमा माया गरिनुपर्छ । Ohio Association of Gifted Children (प्रतिभाशाली बच्चाहरूको ओहियो संघ) (www.oagc.com) तथा J.F. Smutny. S.Y. Walker, and E.A. Mechstroth को "Teaching Young Gifted Children in the Regular Classroom (ages 4-9) [नियमित कक्षाकोठामा साना प्रतिभाशाली बच्चाहरू (4-9 वर्ष उमेरका) लाई पढाउने] साना प्रतिभाशाली विद्यार्थी बारेमा थप जानकारी प्राप्त गर्ने उपयोगी स्रोतहरू हुन सक्छन् ।

**के शुरूका केही दिनका लागि म आफ्नो बच्चासँग विद्यालय जान सक्छु ?**

आमाबुबालाई आफ्नो बच्चासँग विद्यालयमा पढाइको समयमा उपस्थित हुन अनुमति छैन । तपाईंको विद्यालयले पहिलो दिनमा छोटो समयका लागि कक्षाकोठाको भ्रमण गर्ने मौका उपलब्ध गराउन सक्छ । कृपया खास प्रश्नहरूका साथ आफ्नो विद्यालयलाई सम्पर्क गर्नुहोस् ।

**मैले मेरो बच्चालाई विद्यालयमा आवश्यक पर्ने के-के सामग्रीहरू पठाउनुपर्छ ?**

तपाईंले Back-to-School (विद्यालयमा पठाउनु पर्ने) पत्रमा विद्यालयमा पठाउन पर्ने सामग्रीहरूको सूची रहेको एउटा प्रति प्राप्त गर्नुहुनेछ ।

**किन्डरगार्टेन विद्यार्थीहरूको शिक्षण शुल्कहरू कति हुन्छ, तिनीहरूलाई कसरी निर्धारण गरिन्छ र तिनीहरूलाई कसरी प्रयोग गरिन्छ ?**

विद्यार्थीको शिक्षण शुल्कहरूले उपभोग्य वस्तुहरूसहित निम्न कुराहरूलाई समेट्छ: कागज तथा विद्यार्थीको अभिलेख राखिने फाइलहरू, कलासम्बन्धी सामग्रीहरू (माटो, कागज, पेस्ट, रङ्ग, विज्ञानसम्बन्धी सामग्रीहरू, गणितसम्बन्धी सामग्रीहरू (स्ट्र, धागो, सुख्खा इरेज मार्करहरू, ग्राफ पेपर), प्रिन्टरका कार्टिजहरू तथा प्रविधिसम्बन्धी अन्य प्रयोगजन्य वस्तुहरू । आगामी वर्षको शिक्षण शुल्कहरू डिस्ट्रिक्टको वेबसाइटमा राखिएका छन् ।

**मेरो बच्चाले के-कस्ता कुराहरू सिक्नेछन्/छिन् ?** Ohio's Learning Standards (ओहियो सिकाइ मापदण्डहरू) ले तपाईंको बच्चाले हरेक कक्षाको स्तर अनुसार के-के कुराहरु जान्नुपर्छ र गर्न सक्नुपर्छ भनेर परिभाषित गरेको छ ।

**के विद्यार्थीहरूले ग्रेड तथा/वा रिपोर्ट कार्डहरू प्राप्त गर्छन् ?**

Westerville City Schools ले आफ्नो प्राथमिक विद्यालयहरूको प्रगति प्रतिवेदनहरूलाई Ohio's Learning Standards अनुसार मिलाएको छ ।

**के म आफ्नो बच्चाको कक्षाकोठामा स्वयंसेवा गर्न सक्छु ?**

Westerville City Schools ले स्वयंसेवी सहभागितालाई स्वागत गर्छ । स्वयंसेवकहरूले डिस्ट्रिक्टको कार्यक्रमहरूको सबै स्तरहरूमा आवश्यक सहयोग उपलब्ध गराउँछन् र हाम्रो विद्यार्थीहरूको जीवनलाई सम्पन्न गराउन उत्कृष्ट स्रोतहरूको रूपमा सेवा गर्छन् । स्वयंसेवकहरूलाई कुनै प्रतिफलबिना विद्यालयको क्रियाकलाप तथा कार्यक्रमहरूमा सहयोग गर्नका लागि नियुक्त गर्न सकिन्छ ।

**के तपाईं विद्यालय अगाडि तथा पछिको समयमा बाल स्याहार उपलब्ध गराउनुहुन्छ ?**

स्कुल डिस्ट्रिक्टले परम्परागत "ल्याचकि" कार्यक्रम उपलब्ध नगराए पनि YWCA मार्फत हाम्रो सबै प्राथमिक विद्यालयहरूका लागि विद्यालय जाने उमेर अनुसारको YWCA Kids Place नाम भएको बाल स्याहार कार्यक्रम विद्यालय अगाडि तथा पछाडिको समयमा उपलब्ध हुन्छ । यो स:शुल्क कार्यक्रम हो जुन स्कुल डिस्ट्रिक्टबाट स्वतन्त्र रूपमा सञ्चालित हुन्छ । थप जानकारीका लागि YWCA लाई (614)-224-9121 एक्स्टेन्सन 1204 मा फोन गर्नुहोस् ।

**के मेरो बच्चाले ठीक बस चढेका छन्/छिन् भनेर कसैले निश्चित गर्नेछ ?**

बच्चाहरूसँग उनीहरूको बससम्म हिंडेर जाने शिक्षक तथा स्वयंसेवकहरू, बस नम्बर सूचित गर्ने विद्यार्थीको नेमट्यागहरू तथा ठूला विद्यार्थीहरूबाट सहयोगसहित खास नयाँ विद्यार्थीहरूले ठीक बसहरूमा चढेका छन् भनेर निश्चित गर्न हरेक विद्यालयमा उपायहरू अप्नाइएका छन् ।